# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
बागमति प्रदेश, नेपाल


सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३
सूचना नं.: रो. से. के. १

## वैदेशिक रोजगारीबाट फर्किएकाहरुको लागि उद्यमशिलता प्रवर्द्धन कार्यक्रममा सहभागीताको लागि निवेदन पेश गर्नुहुन प्रकाशित गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१२)

यस सिद्धलेक गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम यस गाउँपालिका भित्र बसोबास गर्ने वैदेशिक रोजगारीमा संलग्न रहेर सीप तथा ज्ञान हासिल गरी नेपालमा नै केहि गर्न इच्छा राखेर नेपालफर्की आएकाहरुलाई लक्षित गर्ने गरी राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आन्तरीक रोजगारी प्रवर्द्धनको लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुलाई उद्यमशिलता प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गर्ने भएको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/१०/२७) भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरि कार्यालय समयभित्र यस कार्यालयको रोजगार सेवा केन्द्र, वडा कार्यालय वा रोजगार सेवा केन्द्रको इमेल esc.siddhalekrm@gmail.com मा पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. सम्बन्धित व्यक्तिको निवेदन
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. राहदानीको (पासपोर्ट) प्रतिलिपि
४. वैदेशिक रोजगारीमा संलग्न भएको भन्ने कुनै प्रमाण/कागजपत्र

(नोटः इमेल मार्फत पेश गर्नु भएको निवेदनको हकमा इमेल पश्चात सेवा केन्द्रको उल्लेखित सम्पर्क नं मा फोन मार्फत जानकारी गराउनुपर्नेछ । साथै थप जानकारीको लागि ९८६००८८०७१ मा सम्पर्क राख्न सक्नु हुनेछ ।)

**बोधार्थः**

श्री वडा कार्यालय सबै, सिद्धलेक गाउँपालिका ।

.............................
अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

सिद्धलेक गाउँपालिका,

बुङचुङ, धादिङ।

**विषयः वैदेशिक रोजगारीबाट फर्किएकाहरुको लागि उद्यमशिलता प्रवर्द्धन कार्यक्रममा सहभागी हुन लाभग्राहीमा सूचीकृत गरी पाउँ।**

प्रस्तुत विषयमा म वैदेशिक रोजगारीमा संलग्न रहेर सीप तथा ज्ञान हासिल गरी नेपालमा नै केहि गर्न इच्छा राखेर नेपालफर्की आएको हुँदा तहाँ कार्यालयबाट प्रदान गरिने वैदेशिक रोजगारीबाट फर्किएकाहरुको लागि उद्यमशिलता प्रवर्द्धन कार्यक्रममा सहभागी हुन लाभग्राहीमा सूचीकृत गरि दिनुहुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु।

**१. निवेदककोः-**

(क) नाम थरः

(ख) स्थायी ठेगानाः

(ग) नागरिकता नं:

(घ) राहदानी नं:

(ङ) श्रम स्वीकृति लिएको मितिः

(च) काम गर्न गएको मितिः

(छ) रोजगारीको लागि गएको देशः

(ज) नेपाल फर्कीएको मितिः

(झ) रोजगारीको प्रकारः

(ञ) हासिल गरेको सीप/ज्ञानः

(ट) करार अवधिः

(ठ) सहभागी हुन इच्छुक कार्यक्रमः

(ड) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्ने:

**२. बाबु/आमाको नामः**

**३. पति/पत्नीको नामः**

**४. संलग्न कागजातहरुः**

(क) नागरीकताको प्रमाणपत्रको प्रतिलिपी - १ प्रती

(ख) राहदानीको (पासपोर्ट) प्रतिलिपी - १ प्रती

(ग) वैदेशिक रोजगारीमा संलग्न भएको भन्ने कुनै प्रमाण/कागजपत्रः ..........................................................

माथी पेश गरेको विवरण ठिक साँचो छ। फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक**

हस्ताक्षरः

नाम थरः

ठेगानाः

सम्पर्क नं: